कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

नगर कार्यपालिकाको कार्यालय कोहलपुर नगरपालिका कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

**प.सं. :- २०७९/०८०(प्रशासन)**
**च.नं. :-**

## नगर प्रहरी करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशन मिति २०७९/०४/१३)

यस नगरपालिकाको लागि निम्न बमोजिमको पदमा कोहलपुर नगरपालिकाको नगर प्रहरी ऐन २०७७ बमोजिम खुल्ला तथा समावेशी प्रतियोगिताको माध्यमबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | वि.नं. | पद | खुल्ला | महिला | खस/आर्य | आदीवासी जनजाती | दलित | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २/२०७९-०८० | नगर प्रहरी निरीक्षक (भु.पु. नेपाल प्रहरीबाट) | १ | - | - | - | - | १ |
| २ | ३/२०७९-०८० | नगर प्रहरी सहायक निरीक्षक (भु.पु. नेपाल प्रहरीबाट) | १ | - | - | - | - | १ |
| ३ | ४/२०७९-०८० | नगर प्रहरी हवल्दार(भु.पु. प्रहरीबाट) | २ | - | - | - | - | २ |
| ४ | ५/२०७९-०८० | नगर प्रहरी जवान | ६ | ३ | १ | १ | १ | १२ |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः-

| क्र.सं. | पद | आवश्यक न्युनतम योग्यता |
|---|---|---|
| १ | नगर प्रहरी निरीक्षक | नेपाल प्रहरी निरीक्षक पदमा सेवा गरी निवृत्त भएको वा जुनियर प्रहरी अधिकृतको रुपमा कम्तिमा ५ वर्ष सेवा गरी स्नातक वा सो सरह उतिर्ण भएको र दरखास्त पेश गर्ने अन्तिम मितिसम्म ५२ वर्ष उमेर ननाघेको । |
| २ | नगर प्रहरी सहायक निरीक्षक | नेपाल प्रहरीको प्रहरी सहायक निरीक्षक पदबाट सेवा निवृत्त भएको वा प्रहरी हवल्दारको रुपमा कम्तिमा ५ वर्ष सेवा गरी प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको र दरखास्त पेश गर्ने अन्तिम मितिसम्म ५२ वर्ष उमेर ननाघेको । |
| ३ | नगर प्रहरी हवल्दार | प्रहरी हवल्दार पदमा सेवा निवृत्त भएको, एस.एल.सि. वा सो सरह उतिर्ण गरेको र दरखास्त पेश गर्ने अन्तिम मितिसम्म ४० वर्ष उमेर ननाघेको |
| ४ | नगर प्रहरी जवान | एस.ई.ई. वा सो सरहको शैक्षिक उपाधि प्राप्त गरेको र १८ वर्ष पुरा भई दरखास्त पेश गर्ने अन्तिम मितिसम्म २३ वर्ष ननाघेको । |

आवश्यक थप योग्यताः उल्लेखित पदका उम्मेद्वारहरु स्थानीय बासिन्दा, Basic Computer ज्ञान, सवारी चालक अनुमति पत्र तथा एथ्लेटिक्स मार्शल आर्टका खेलाडी, भू.पु. बाट लिइने पदमा ट्राफिक प्रहरीमा कार्य गरेको, अंग्रेजी भाषाको ज्ञान भएकालाई अन्तरवार्तामा विशेष प्राथमिकता दिइनेछ।

२. **दरखास्त दिने स्थानः** कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कोहलपुर, बाँके (प्रशासन शाखा कोठा नं. ४)।

३. **दरखास्त दिने अन्तिम मितिः** २०७९/०४/२७ गते कार्यालय समयभित्र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन । परिक्षा एवं अन्य जानकारीको लागि सम्पर्क मिति २०७९/०५/०१ गते वेवसाईट एवं सूचना पाटीमा प्रकाशन गरिनेछ ।

४. **आवेदनको दस्तुरः** नगर प्रहरी निरीक्षक रु.१०००।-, नगर प्रहरी सहायक निरीक्षक रु.५००।—, नगर प्रहरी हवल्दार रु.४००।- र नगर प्रहरी जवान रु.३००।— का लागी नगरपालिकाको राजस्व शाखामा बुझाएको सक्कल भौचर रसिद पेश गर्ने । एक भन्दा बढी समूह र पदमा दरखास्त दिंदा थप २५% दस्तुर लाग्नेछ ।

५. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरुः (क) नेपाली नागरिकताको प्रतिलिपी (ख) सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, ५ वर्ष सेवा पुरा गरेका / भु.पु. प्रहरी कर्मचारीले सेवा गरेको खुल्ने कागज प्रमाणको प्रतिलिपी, (ग) २ प्रति पासपोर्ट साइजको फोटो, (घ) समावेशी तर्फ आवेदन दिंदा सो खुल्ने कागजात, (ङ) प्रारम्भिक स्वास्थ्य परीक्षण प्रतिवेदन(निरोगिता प्रमाणपत्र) (च) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको प्रहरी प्रतिवेदन ।

६. **छनौटको किसिमः-** शारीरिक तन्दुरुस्ती, लिखित र अन्तरवार्ता (नेपाल प्रहरीको भर्ना छनौट विधि अनुसार मिल्दा तत् पदको लागि पाठ्यक्रम लागु गरिने)।

७. **सेवा सुविधा तथा अन्यः-** नेपाल सरकारका बहालवाला प्रहरी कर्मचारीलाई उपलब्ध हुने शुरु तलब स्केल एवं कार्यपालिकाको निर्णय बमोजिम अन्य सुविधा उपलब्ध गराउने ।

८. दरखास्त फारामको नमूना, कोहलपुर नगर प्रहरी ऐन २०७७ एवं अन्य विषयवस्तु www.kohalpurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

(टिकाराम ढकाल)
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

ई-मेलः- info@kohalpurmun.gov.np
kohalpurmun@gmail.com